# एक क्षण

-रासा

झ्याल खोल्छु म
र, पर हेर्छु-
पहाड पहेँलो हाँसिरहेछ,
नदी रातो बगिरहेछ ।

पछि सोच्छु-
किन पहाड हरियो हाँस्दैन,
नदी नीलो बग्दैन ?

थाहा छ मलाई-
मानिसले बनाएका हुन्-
यी पहाड र नदी ।

# खोला

-रासा

म
खोला सङ्लो बग्छु/
धमिलो पनि ।

सङ्लो बग्दा
मानिसहरू माया गर्छन् मलाई
र, धमिलो बग्दा
मानिसहरू डराउँछन् मसित ।

मलाई
रोक्न सक्दैन कसैले,
निरन्तर बग्छु म/ बगिरहन्छु ।